# स्वतन्त्रता मञ्चको आयोजनमा आयोजित पत्रकार विरुद्ध हुने अपराधको दण्डहीनता अन्त्यसम्वन्धी अन्तर्राष्ट्रिय दिवसको रुपमा विश्वभर मनाउँदै आएको International Day To End Impunity For Crimes Against Journalist कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माले दिनुभएको मन्तब्य

***यस कार्यक्रमका अध्यक्ष महोदय तथा आमन्त्रित विशिष्ट अतिथिज्यूहरु***

पत्रकार विरुद्ध हुने अपराधको दण्डहीनता अन्त्यसम्वन्धी अन्तर्राष्ट्रिय दिवसको रुपमा विश्वभर मनाउँदै आएको International Day to End Impunity for Crimes Against Journalist को अवसरमा मलाई प्रमुख अतिथिको रुपमा बोलाउनु भएकोमा आयोजक संस्थालाई धन्यवाद दिन चाहन्छु ।

पत्रकारहरुले समाज परिवर्तनको बाहक र मानव अधिकारको रक्षकको रुपमा देशमा मानव अधिकार संरक्षण र सम्बर्धनमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका हुन्छन् । पत्रकारहरु मानव अधिकार रक्षकका रुपमा संसार भरि स्वीकार गरिएका छन् । आफ्नो भूमिका निर्वाह गर्ने क्रममा मानव मानव अधिकार रक्षकहरुले पनि स्वयम आफूमाथि हुने हिंसा तथा अपराधको सामना गर्नुपरेको हामीलाई थाहै छ । समाजमा दिन प्रतिदिन घटिरहने घटनाहरुको सम्वन्धमा सत्य, तथ्य सूचना संकल गरी सर्वसाधारण समक्ष सार्वजनिक तथा प्रचार, प्रसार गर्ने क्रममा कयौ पत्रकारहरु मारिएका छन्, कयौ वेपत्ता भएका छन्, कयौ माथि दुर्व्यवहार भएका छन्, कयौ धम्कीको शिकार भएका छन् त कति विस्थापित समेत भएका छन् । देशमा भएको १० बर्षे सशस्त्र द्वन्द्वकालमा  यस्ता मानव अधिकार उल्लंघन तथा अपराधका घटनाहरु बढी संख्यामा भएका छन् । साथै कतिपय अवस्थामा भौतिक रुपमा क्षति नपुऱ्याइएको भएतापनि भय, डर, त्रास र अराजकताको

कुराले गर्दा Self Censorship को अवस्था पनि रहेको अनुभुत गर्न सकिन्छ । जुन विद्यमान राज्य व्यवस्थामा सुहाउँदो विषय होईन ।

देश द्वन्द्वबाट शान्ति तर्फ उन्मुख हुँदै रुपान्तरणको लागि पाइला चालिरहेको अवस्था छ । यसै क्रममा संविधान सभाबाट नेपालको संविधान, २०७२ समेत पारित भएको छ । यो संविधानले मौलिक अधिकार तथा राजनितिक तथा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका विषयहरु, समानताको हक, अभिव्यक्ति स्वतन्त्रता, प्रेश स्वतन्त्रतामा सैद्धान्तिक रुपमा उदार व्यवस्था गरेको भएपनि विभिन्न छिद्रहरुको आडमा ऐन बनाएर राष्ट्रिय हितका नाममा अधिकारमाथि अनुचित प्रतिबन्ध लगाउने प्रकरण भने नेपालको लागि नयाँ होइन ।

पछिल्लो समयमा दण्डहीनताको संस्कृति हाम्रो देशमा मौलाउँदै गइरहेको आभास भइरहेको छ । नेपालमा राजतन्त्र समाप्त भई गण्तन्त्रको स्थापना भयो । जनप्रतिनिधीहरु मार्फत संविधान सभाबाट राज्यले नेपालको संविधान, २०७२ ल्याउन सफल भएको छ । सोही संविधान बमोजिम तीनै तहको निर्वाचन समेत सम्पन्न भई राज्य सञ्चालन भइरहेको अवस्थामा आउँदा हामी सवैलाई थाहै छ करिव १० बर्ष चलेको सशस्त्र द्वन्द्वमा १३ हजार भन्दी बढी व्यक्तिको ज्यान गएको, हजारौ संख्यामा मानिसहरु वेपत्ता पारिएका र विस्थापित भएका छन् । द्वन्द्वको अवधि समाप्त भएको भनिए पनि सोको घाउ अझै पुरिएको छैन । दण्डहीनता समाप्त गर्ने, सत्य तथ्य पत्ता लगाउने, पीडितलाई न्याय दिलाउने भनी कागजमा ठूला कुरा गरिएता पनि व्यवहारमा सवै गम्भीर भएको महशुस गर्न अझैपनि सकिएको छैन । दिनानुदिन अहिले पनि मानव अधिकार उल्लंघनका घटनाहरु बढिरहेको र पीडितले न्यायको महशुस गर्न नसकिरहेको अवस्था हाम्रा सामु नै छन् । दण्डहीनताको यस्तो संस्कृतिको मारबाट पत्रकार तथा सञ्चारकर्मीहरु समेत अछुतो रहन नसकिरहेको अवस्था छ ।

राज्य मानव अधिकारको संरक्षक हो तर राज्यका संयन्त्रहरु तथा अंगहरुबाट मानव अधिकार उल्लंघनकर्ताको भूमिका निर्वाह गरिरहेको जस्तो देखिन्छ । राष्ट्रिय मानव अधिकार आयोगको सिफारिशहरु जसलाई मान्नु पर्ने संवैधानिक बाध्यता छ तापनि सिफारिशहरु पूर्ण कार्यान्वयन भैरहेका छैनन् । मानव अधिकारको सम्वन्धमा भएका

अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुको कार्यान्वयन समेत पूर्ण रुपमा हुन सकिरहेको छैन । यसरी दण्डहीनताको संस्कृति मौलाउँदै जाने प्रवृति देश र हाम्रा लागि दुखद् रहनेछ ।

पत्रकारहरुमाथि हुने मानव अधिकार उल्लंघनका घटनाहरुलाई आयोगले नजिकबाट हेरिहरहेको छ । पत्रकारहरुको मानव अधिकार संरक्षणको लागि आयोगले विभिन्न समयमा संचार र मानव अधिकार, अभिव्यक्ति स्तन्त्रता सम्वन्धमा तालीमहरु संचालन, प्रेश स्वतन्त्रताको सम्मानको लागि प्रेश बक्तब्यहरु जारी, मानव अधिकार रक्षकहरुको सुरक्षा सम्वन्धमा समेत सरकारको ध्यानाकर्षण गराउँदै आइरहेको छ ।

मानव अधिकार संरक्षण र सम्बर्धनको सम्वन्धमा सञ्चार जगत, पत्रकारहरुसँग समन्वय र सहकार्य निरन्तर रुपमा भइरहेको छ । आयोगबाट मानव अधिकार रक्षकहरु सम्बन्धीमार्ग-निर्देशिका, २०६९, मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी मार्ग-निर्देशिका, २०६९ लाई कार्यान्वयनमा ल्याएको छ ।

मानव अधिकार रक्षकहरुको सुरक्षालाई राज्यले प्राथमिकतामा राख्नुपर्छ । मानव अधिकार र स्वतन्त्रताको सम्वर्धन, संरक्षण र सम्मान गर्नु र त्यसको निमित्त वातावरण बनाउनु राज्यको प्राथमिक दायित्व हो । मानव अधिकार रक्षकहरुको सुरक्षामा सहयोग गर्नु अन्य सरोकारवाला निकाय तथा नागरिक समाज, राजनीतिक दलहरु सवैको कर्तव्य समेत हो ।

अन्त्यमा, मानव अधिकार रक्षकहरुको सुरक्षाको निमित्त राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो पहल जारी राख्नेनैछ । दण्डहीनताको संस्कृतिलाई अन्त्य गर्न आयोग सदैव प्रयासरत छ । आयोगको यस प्रयासमा यहाँहरु सवैको साथ र सहयोग निरन्तर रुपमा रहनेनै छ भन्ने मलाई विश्वास छ ।

॥ धन्यवाद ॥

२०७५/७/१६